# लागत साझेदारीमा कृषि तथा पशु व्यवसाय प्रवर्धन कार्यक्रमको कार्यक्षेत्रगत शर्तहरु

**(Terms of Reference)**

## १. पृष्ठभूमिः

निजी तथा गैर सरकारी क्षेत्रसँगको साझेदारीको माध्यमबाट कृषि, पशु विकास, रोजगारी, आयआर्जनको अवसर, जलवायु परिवर्तन, सहकारी संस्थाहरुको सवलीकरण तथा स्थानीयस्तरमा कृषि तथा पशुवस्तुको उत्पादनको बजारीकरण लगायतका कार्यक्रमका लागि साझेदारीको माध्यमबाट गाउँका सानाकिसान, महिला तथा युवाहरुको आर्थिक जिवनस्तरमा सुधार गर्ने उद्देश्यले "तामाकोशी गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०७९" ले दिएको अधिकार क्षेत्र भित्र रही गैर सरकारी र तामाकोशी गाउँपालिकाबीच बहुबर्षिय रुपमा लागत साझेदारीमा कृषि तथा पशु व्यवसाय प्रवर्धन कार्यक्रम सञ्चालन गर्नका लागि यो कार्यविवरण तयार गरिएको छ ।

## २. मुख्य उद्देश्यः

यस कार्यक्रमको मुख्य उद्देश्य गाउँपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नु रहेको छ । यस कार्यक्रमले प्रत्यक्ष रुपमा कार्यक्रममा आवद्ध परिवारहरुलाई कृषि उद्यममा संलग्न गराउने, साना किसानहरुको वित्तीय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरु मार्फत आवद्ध घरधुरीहरुको आयस्तरमा सुधार पुर्याउने रहेको छ ।

कार्यक्रमले राखेका निर्दिष्ट उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

- गरिव र विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई मौसम अनुकुलन, वित्तीय सेवाहरुमा पहुँच तथा बजारसङ्गको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तीय संस्थाहरुले कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी रुपमा बृद्धि गर्नु,
- सानाकिसान तथा आपुर्ति श्रृंखलामा आवद्ध आपुर्तिकर्ता, व्यापारी तथा निजी क्षेत्रको पहुँच अभिवृद्धि गर्नु, र
- लक्षित आपुर्ति श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।

प्रस्तावित बहुवर्षिय योजना मार्फत सञ्चालन गरिने मुख्य क्रियाकलापहरु निम्न अनुसार रहेका छन् । उक्त क्रियाकलापहरु के कति परिमाणमा सञ्चालन गरिने हो । उक्त क्रियाकलापवाट प्रत्यक्ष तथा अप्रत्यक्ष कति परिवारहरु तथा मुल्य श्रृंखलाका पात्रहरु लाभान्वित हुने हुन् स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

- कृषि तथा पशु वस्तुको उत्पादनमा आवद्ध साना किसानहरु तथा तिनीहरुका संगठनको सामाजिक पुँजी अभिवृद्धि गर्नु,
- बजार मागमा आधारित कृषि तथा पशु उपजहरुको आपुर्ति वृद्धि गर्नु,

- साना किसानहरु संलग्न कृषि तथा पशु वस्तुसंग सम्बन्धित उद्यमलाई नाफामूलक वनाउन मद्धत गर्नु,
- ग्रामीण क्षेत्रमा वित्तीय सेवाको पहँचमा बृद्धि गर्नु,
- साना किसानहरुको कृषि तथा पशुधन सुरक्षणका लागि वीमामा पहुँच बढाउनु,
- साना किसान तथा आपूर्ति श्रृंखलामा आवद्ध व्यक्ति तथा निकायहरुको व्यवसाय सेवामा पहुँच अभिवृद्धि गर्नु,
- सानाकिसान संस्थाहरुको व्यवसाय तथा बजारीकरण सीप अभिवृद्धि गर्नु,
- कृषि तथा पशुवस्तुहरुको संकलन, प्रसोधन, भण्डारण तथा बजार विकास सम्बन्धी पूर्वाधारहरुको निर्माण तथा पुनस्थापना गर्नु,
- सानाकिसानहरुले उत्पादन गरेका कृषि तथा पशु वस्तुहरुको मुल्य अभिवृद्धिका लागि प्राविधिक सहयोग तथा सहजिकरण गर्नु,
- लक्षित कृषि तथा पशुवस्तुहरुको उत्पादन, संकलन, प्रसोधन तथा बजार विकास सम्बन्धी कार्यमा सरोकारवालाहरुको संलग्नता अभिवृद्धि गर्नु,
- कृषि तथा पशुपालनमा स्थानीय सरकारको योजना, कार्यान्वयन र अनुगमन क्षमता अभिवृद्धि गर्नु ।

३. कार्यक्रम कार्यान्वयन प्रवन्धः

प्रस्तावक संस्थाले कार्यक्रम कार्यान्वयन गर्ने प्रकृया स्पष्ट रुपमा उल्लेख गर्नु पर्दछ । कार्यक्रमले कसरी प्रस्तावित घरपरिवारहरुलाई समेट्छ, उनीहरु कार्यक्रमवाट कसरी लाभान्वित हुन्छन्, आदि विषय लगायत कार्यान्वयन अवधारणा उल्लेख गर्नुपर्नेछ । संयुक्त उपक्रममा प्रस्ताव पेश गर्नेको हकमा भने सबै पक्षको जिम्मेवार तथा भूमिका स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । यसका साथै कार्यक्रम व्यवस्थापन प्रकिया तथा समन्वय गर्ने निकायहरु तथा ति निकायहरुको जिम्मेवारी तथा भूमिका पनि खुलाउनु पर्नेछ ।

४. आवश्यक जनशक्तिः

यस कार्यक्रम कार्यान्वयन आवश्यक मानव स्रोत तथा कर्मचारी संख्या (पूर्णकालिन र अल्पकालिन), उनीहरुको व्यवस्थापन तथा परिचालन प्रक्रिया वारे स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

५. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवारः

यस कार्यक्रम गाउँपालिकाका ७ वटा वडाहरुमा सञ्चालन गरिने छ । गाउँपालिकाका कुल घरधुरी संख्या ६४३२ मध्ये यस कार्यक्रमले प्रत्यक्ष समेट्ने घरधुरीहरु जम्मा ४५०२ हुनेछन् भने अपत्यक्ष रुपमा ३२१ घरधुरीहरु संलग्न हुनेछन् । यस अलावा कार्यक्रमले करिव ३००० युवाहरुलाई युवा लक्षित कार्यक्रम मार्फत समेट्नेछ ।

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा ... नेपाल

गोरखनाथ मिश्र ... अधिकृत

यस कार्यक्रमले कार्यक्षेत्र तथा लाभान्वित परिवारहरुको विवरण निम्नानुसार रहेको छ ।

| वडा नं | स्थान | जम्मा घरधुरी | कार्यक्रम मार्फत प्रत्यक्ष लाभान्वित घरधुरी संख्या | कार्यक्रम मार्फत अप्रत्यक्ष लाभान्वित घरधुरी संख्या | जम्मा जनसंख्या |
|---|---|---|---|---|---|
| १ | भिरकोट | १०२४ | ७१६८ | ५० | २६८६ |
| २ | झुले | ७३५ | ५१४ | ३६ | २३०४ |
| ३ | जफे | १२९१ | ९०३ | ६४ | ३५८५ |
| ४ | मालु | १०१८ | ७५६ | ५० | २८०२ |
| ५ | शहरे | ९६२ | ६७३ | ४८ | २८३८ |
| ६ | च्यामा | ८९६ | ६२७ | ४४ | २७०० |
| ७ | हाँवा | ५०६ | ३५४ | २५ | १७११ |
| जम्मा: | | ६४३२ | ४५०२ | ३२१ | १८६२९ |

६. परियोजना अविधः

यस परियोजनाको अवधि ४ वर्षको हुनेछ । यो परियोजना मिति २०७९ मंशिर १५ बाट शुरु हुनेछ ।

७. कार्यक्रमको कुल लागतः

प्रस्तावित वहुवर्षिय कार्यकमका लागि यस गाउँपालिकाले पहिलो वर्ष रु.१,००,००,०००।० विनियोजन गरेको छ भने कार्यक्रमको कुल लागत रु.५,००,००,०००।० रहनेछ । यस अलावा प्रस्तावक संस्थाले लागत साझेदारी मार्फत प्रस्ताव गर्ने रकम खुलाउनु पर्नेछ । प्रस्तावक संस्थाले गाउँपालिकाले विनियोजन गरेको रकमको कम्तिमा ३० प्रतिशत रकम साझेदारी गर्ने गरी प्रस्ताव गर्नु पर्नेछ ।

८. अपेक्षित परिणाम

यस कार्यक्रमले लक्षित साना किसानहरुको जीविकोपार्जनमा सुधार ल्याउनुका साथै निम्न विषय क्षेत्रमा परिमाणात्मक तथा गुणात्मक सुधार ल्याएको हुनु पर्नेछ ।

- सामाजिक पूँजीको अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको उत्पादन, उत्पादकत्व अभिवृद्धि,
- कृषि तथा पशुवस्तुको मुल्य श्रृंखला सम्बन्धी उद्यमशिलता विकास,
- कृषि तथा पशुवस्तुको विषयगत क्षेत्रको विकास,
- कृषि तथा पशुवस्तुको बाह्य बजारमा बिक्री वितरणमा वृद्दि ।

अनुसूची ४

तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा, बागमती प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि प्राविधिक प्रस्तावको ढाँचा**

१. कार्यक्रमको नाम

२. पृष्ठभूमि (प्रस्तावनाको सारसंक्षेप, वर्तमान अवस्था, आवश्यकता र औचित्य)

३. प्रस्तावित कार्यक्षेत्र र लाभान्वित परिवार

४. कार्यक्रमको लक्ष्य र उद्देश्य

५. अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालिन र दीर्घकालिन)

६. कार्यक्रमको कार्यान्वयन विधि

७. कार्यक्रमका क्रियाकलापहरु

८. कार्यक्रमको व्यवस्थापन

- व्यवस्थापन संरचन
- संस्थागत सहकार्य
- कार्यक्रमको जनशक्ति र व्यवस्थापन संरचनाको चित्र
- मानवीय संशाधन परिचालन
- कार्यक्रमको कार्ययोजना

९. प्रतिवेदन

१०. अनुगमन तथा मूल्यांकन

११. कार्यक्रमको पारदर्शिता

१२. कार्यक्रमको दिगोपना र हस्तान्तरण

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा बागमती प्रदेश, नेपाल २०७३

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५

तामाकोशी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जफे, दोलखा, बागमती प्रदेश, नेपाल

**साझेदारीमा कार्यक्रम संचालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आर्थिक प्रस्तावको ढाँचा**

- साझेदारको कुल लागत रकम । लागत मध्ये नगद प्रतिशत र मानव तथा भौतिक स्रोतको (In Kind) प्रतिशत
- कार्यक्रम सञ्चालन खर्च (तलव, भत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द, आदि)
- कार्यक्रम खर्च (कार्यक्रम क्रियाकलाप कार्यान्वयन खर्च)
- अन्य

तामाकोशी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय जफे, दोलखा बागमती प्रदेश, नेपाल २०७३

गोरखनाथ मिश्र
प्रमुख प्रशासकीय अधिकृत